# मल्लरानी गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०८१

गाउँ कार्यपालिकावाट स्वीकृत मिति २०८१/०६/१८

प्रमाणिकरण मिति २०८१/०६/१८

मल्लरानी गाउँपालिका

प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

मल्लरानी गाउँ कार्यपालिकाबाट मिति २०८१।०६।१८ गते स्वीकृत भएको मल्लरानी गाउँपालिका फोहरमैला व्यवस्थापन कार्यविधि, २०८१ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु।

मितिः २०८१।०६।१८

प्रमुख प्रशासकीय अधिकृत
गिर बहादुर सेजुवाल

# मल्लरानी गाउँपालिकाको
# फोहरमैला व्यबस्थापन कार्यविधि २०८१

मल्लरानी गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८१।०६।१८ गते

**प्रस्तावना :**

फोहरमैलालाई स्रोतमा रुपान्तरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गर्ने र स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन गरी मल्लरानी गाउँपालिकालाई सफा राख्न अत्यन्त जरुरी सेवा सम्बन्धी कार्यविधि बनाइ लागु गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा (७) र फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१(२) बमोजिम मल्लरानी गाउँपालिकाले यो फोहरमैला व्यवस्थापन कार्यविधि २०८१ जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधि नाम "फोहरमैला व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि मल्लरानी गाउँ कार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) संविधान भन्नाले वि सं २०७२ सालमा निर्मित नेपालको संविधान सम्झनु पर्दछ ।

ख) स्थानीय तह भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ८ बमोजिमको गाउँपालिका सम्झनु पर्दछ ।

ग कार्यपालिका भन्नाले मल्लरानी गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

घ) अध्यक्ष भन्नाले मल्लरानी गाउँपलिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ङ) उपाध्यक्ष भन्नाले मल्लरानी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

च) सदस्य भन्नाले मल्लरानी गाउँपालिका सदस्यलाई सम्झनु पर्दछ ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले मल्लरानी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाइ सम्झनु पर्दछ ।

ज) विषयगत शाखा भन्नाले गाउँपालिकाको कार्य विभाजन नियमावली २०७४ बमोजिमको विषयगत शाखालाई सम्झनु पर्दछ ।

झ) समिति भन्नाले कार्य सम्पादन नियमावलीको नियम १५ बमोजिमको कार्यपालिकाका समितिहरुलाई सम्झनु पर्दछ ।

ञ) कार्यविधि भन्नाले फोहोरमैला व्यवस्थापन कार्यविधि २०८१ सम्झनु पर्दछ ।

ट) गाउँपालिका भन्नाले मल्लरानी गाउँपालिका सम्झनु पर्दछ ।

ठ) ऐन मन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ बुभनुपर्दछ ।

ड) फोहोरमैला भन्नाले घरेलु फोहोरमैला औधोगिक, फोहोरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका वातावरणमा ह्रास आउने गरी निस्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवा, धुलो, वित्तिय तथा सुचना प्रविधिका लागि प्रयोग भएका वस्तुहरु वा अनाधिकृत रुपमा सार्वाजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा प्रकाशन गरी फोहोर मैला भनि तोकिदिएको अन्य वस्तु समेतलाई जनाउने छ । स्वास्थ्य संस्थाजन्य फोहोरमैला भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औशधी पसल, ब्लड बैंक, प्याथालोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निस्कासन हुने हानिकारक फोहोरमैला सम्झनु पर्दछ ।

**३. निर्देशक समितिको गठन :**

गाउँपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न गाउँपालिकामा देहाय बमोजिमको निर्देशक समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्षः | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्षः | सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) प्रतिनिधि उद्योग बाणिज्य संघ मल्लरानी बजार इलाका | सदस्य |
| ङ) राजश्व शाखा प्रमुख | सदस्य |
| (च) कार्यपालिका सदस्यहरु मध्येबाट कम्तिमा १ महिला सहित २ जना | सदस्य |
| (छ) वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| (ज) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (झ) योजना शाखा प्रमुख | सदस्य |
| विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

**३. निर्देशक समितिको काम कर्तव्य र अधिकारः**

(क) गाउँपालिका क्षेत्रलाइ पूर्ण सरसफाईयुक्त क्षेत्र बनाउन वडास्तर र गाँउस्तर बाट आवश्यक पहल गर्ने।

ख) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरि आवश्यक कार्य गर्ने ।

ग) फोहोरमैला व्यवस्थापनमा गैर सरकारी संस्थाहरु निजि क्षेत्र र समुदायको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

घ) फोहोरमैलालाइ श्रोत मै बर्गिकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने ।

ङ) फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने श्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने ।

(च) जैविक फोहोरबाट उर्जा, कम्पोष्ट मल एवं बायोग्यास बनाउने तथा प्लास्टिक, धातु, आदिलाई पुनः प्रयोग गर्न आवस्यक व्यवस्था गर्ने ।

(छ) फोहोरमैला व्यवस्थापन तथा सरसफाईमा प्रचलित ऐन, कानुन तथा निर्देशिकाले तोकेको मापदण्ड पालन नगर्ने उपर आवश्यक कारवाहीका लागि निर्देशन गर्ने ।

(ज)फोहोरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयागत समितिको गठन गर्ने ।

झ) फोहोरमैला व्यवश्थापन सम्बन्धि काम गर्ने विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुसंग आवस्यक समन्वय गर्ने ।
ञ) फोहोरमैला व्यवस्था सम्बन्धि काम गर्ने जनशक्तिको व्यवस्थापन गर्न वड़ा तहसँग समन्वय गर्ने ।

**५. फोहोर मैला कम उत्पादन गर्ने :**

१) व्यक्ति वा संघ संस्थाले वा अन्य कुनै काम गर्दा उत्पन्न हुने फोहोर मैला यथाशक्य कम गर्नु पर्नेछ ।
२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकि फोहरमैला मात्र निस्कासन गरि फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति संघ सस्था वा निकायको कर्तव्य हुनेछ ।

**६. फोहोरमैलाको निस्कासनः**

१) फोहोरमैला निस्कासनको समय स्थान र तालिका गाउँपालिका वा सम्बन्धित वडाले निर्धारण गरे बमोजिम हुनेछ ।
२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोके बमोजिम व्यवस्थापन गर्नुपर्नेछ ।

**७. सेवा शुल्क उठाउन सक्ने :**

१) गाउँपालिकाले फोहोरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति संस्था वा निकायवाट सेवा शुल्क लगाई उठाउने छ ।
२) उपनियम (१) बमोजिम शुल्क गाउँपालिकामा सम्बन्धित वडासंग भएको सहमतिको आधारमा फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति सस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ तर तोके बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोके बमोजिम छुट दिन सक्नेछ ।

**८. सेवा निलम्बन वा अन्त्य गर्न सकिने :**

१. गाउँपालिकाले नियम (७) बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धि र गाउँपालिका वा सम्बन्धित वडावाट उपलब्ध हुने अन्य सेवा निलम्वन वा अन्त्य गर्न सक्ने छ ।
२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा (१५) बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको नियम (७) को उपनियम (२) बमोजिम सेवा शुल्क नबुझाउने सेवा ग्राहिको फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा निलम्बन वा अन्त्य गर्न सक्ने छ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिका वा वडालाई दिनुपर्ने छ।
३. उपनियम (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरवाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सम्बन्धित घर धनि आफैले गर्नु पर्ने छ ।
४. सेवाग्राहीले नियम (७) बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निजको सम्पत्ति कर वा व्यवसायकर खातामा प्रविष्ट गरि सेवा शुल्क असुल गरिने छ ।

५. सेवाग्राहीले नियम (७) बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

**९. कसुरः**

कसैले देहाय बमोजिमको कुनै काम गरेमा फोहोर मैला व्यवस्थापन ऐन २०६८ र यस कार्यविधि बमोजिम कसुर गरेको मानिने छः

क) गाउँपालिका वा सम्बन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यन्त्र फोहोरमैला निष्कासन गर्ने,

ख) फोहोरमैला संकलन स्थलमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानवाट हटाउने वा संकलन स्थलमा कुनै नोक्सानी पुर्याउने,

ग) फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गर्ने,

घ) फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लंघन गर्ने, गराउने

ङ) फोहोरमैलावाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदुषित गराउने

च) घर कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने फाल्ने वा थुपार्ने,

छ) गाउँपालिकाले तोकेको ठाउमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सड्क वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने,

ज) रासायनिक फोहोरमैला औद्योगिक फोहोरमैला स्वास्थ्य जन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउने,

झ) औधोगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थावाट निस्कने हानिकारक फोहोरमैला जवाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउने,

ञ) फोहोरमैला संकलन ढुवानी तथा फोहोरमैला व्यवस्थापन मा बाधा अवरोध सिर्जना गर्ने,

ट) फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यमा हडताल गर्ने,

ठ) फोहोरमैला अत्याधिक उत्पादन हुने भनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरि प्रतिबन्ध लगाइएको कुनै वस्तुको उत्पादन तथा विक्रि वितरण गर्ने,

ड) फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा (४४) विपरित रासायनिक विषादिको आयात गर्ने वा म्याद नाघेको समयावधि सकिएको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्ने,

(ढ) मरेको वा मारेको पशुपंक्षी र सो को लादि, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्लि, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

ण) पैदल तथा सर्वाजनिक यातायातका यात्रुले जथाभावी फोहोर फाल्ने,

त) चुरोट तथा सुर्तीजन्य (पान, पुकार, गुटका आदि) जस्ता वस्तुको फोहोर जथाभावी फाल्ने,

थ) फोहोरमैला सङ्कलन केन्द्रमा राखिएका फोहोरमैला अनधिकृत तवरले प्रयोग गर्ने ।

**१० सजायः**

गाउँपालिका वा सवन्धित वडाले तोकिदिएको समय र स्थान वाहेक अन्यत्र फोहोर निष्कासन गर्नेलाई पहिलो पटक रु.१०००/-रुपैया सम्म जरिवाना लिने, दोस्रो पटक सोही प्रकृतिको कसुर गरेमा रु.२०००/- रुपैया देखि रु.३००० रुपैया सम्म र तेस्रो पटक वा सो भन्दा बढी सोहि कसुर गरेमा प्रत्येक पटकको रु.५०००/- रुपैयाका दरले जरिवाना गरि फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजवाट असुल उपर गर्न सकिने छ ।

२. फोहोरमैला संकलन स्थलमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षेती पुर्याउने, राखिएको स्थानबाट हटाउने वा अन्य नोक्सानी पुर्याएमा गाउँपालिका वा सम्बन्धित वडाले रु.५०००/- रुपैया देखि रु.१००००/- रुपैया सम्मको जरिवाना गराउन सकिने छ ।

३. कन्टेनर वा फोहोरमैला संकलन स्थलमा राखिएको फोहोरमैला अनधिकृत तवरले प्रयोग गरेमा रु.१०००/-रुपैया देखि रु.२०००/-रुपैया सम्म जरिवाना गर्न सकिने छ।

४. फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गरेमा रु.५०००/- रुपैया देखि रु.१००००/-रुपैया सम्मको जरिवाना गरि अनुमती नलिए सम्म त्यस्तो कार्य गर्न रोक लगाउने छ। फोहोरमैला संकलन स्थल कन्टेनर वा फोहोरमैला थुपार्ने ठाँउमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने गरेमा रु २०००/- देखि रु.३०००/- सम्म जरिवाना गर्न सकिने छ र त्यस्तो बस्तु वा पदार्थ वाट कुनै क्षति भैसकेको भए त्यस्तो क्षति वापतको रकम समेत कसुरदार बाट असुल उपर गर्न सकिने छ ।

५ घर कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा फाल्ने जस्तै मरेको वा मारेको पशुपंक्षी र सो को लादि, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि फालेमा रु.२०००/- देखी रु. ३०००/- सम्मको जरिवाना गर्न सक्नेछ ।

६ फोहोरबाट निस्केको दुषित पानी वा ढल चुहाई, सेफ्टी ट्यांकी चुहाई, घर वा जग्गा प्रदूषित गरेमा गाउँपालिका वा सम्बन्धित वडाले रु ३०००/- देखि रु. ४०००/- सम्मको जरिवाना गर्न सक्ने छ ।

७ रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने वा राख्ने कार्य गरेमा गाउँपालिका वा सम्बन्धित वडाले रु. ५०००/- देखि रु.१००००/- सम्म जरिवाना गर्न सक्ने छ। र सोहि कसुर पुनः दोहोर्याएको पाइएमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गर्न सक्ने छ ।

८ फोहोरमैला संकलन ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यमा हड्ताल गरेमा रु.४०००/-देखि रु.५०००/- सम्म जरिवाना गर्न सक्ने छ ।

९ फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा (४४) विपरित रासायनिक विषादिको आयात गर्ने वा म्याद नागेका औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगरेमा रु. ५०००/- देखि रु.१००००/- सम्मको जरिवाना गर्न सक्ने छ । सोहि कसुर पुनः दोहोर्याएमा पहिलोपटक गरेको जरिवानाको दोब्बर जरिवाना गरि प्रचलित कानुन बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ ।

१०. फोहोरमैला अत्याधिक उत्पादन हुने वस्तु भनि नेपाल सरकारले राजपत्रमा सुचना प्रकाशन गरि प्रतिबन्द लागेको कुनै वस्तुको उत्पादन तथा विक्रीवितरण गर्ने कार्य गरेमा रु. २०००/- देखि रु. ३०००/- सम्मको जरिवाना वा फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम ३ महिना सम्म कैद वा दुवै सजाय गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ ।

११. पैदल वा साधन यातायातका यात्रुले चुरोट तथा सुर्ती जन्य पदार्थ (पान, पुकार, गुटका आदि । जथाभावी फाल्ने कार्य गरेमा मल्लरानी गाउँपलिका वा सम्बन्धित वडाले रु. २०० को दरले जरिवाना गर्न सक्ने छ । सोहि कसुर पुनः दोहोर्याएमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गर्न सक्ने छ ।

**११. पुरस्कार दिन सकिनेः**

१ फोहोरमैला व्यवस्थापनका लागि नविनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाइ गाउँपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्ने छ ।

**१२. फिल्डमा हाँजिर गर्ने :**

१. गाउँपालिकाले फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन खानेपानी तथा फोहोरमैला व्यवस्थापन शाखा प्रमुख वा निजले तोकेको व्यक्तिले प्रत्येक दिनमा भए गरेको फोहोरमैला व्यवस्थापन कार्यको प्रतिवेदन स्थलगत निरीक्षण गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्ने छ ।
मल्लरानी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (११) को उपदफा (७) ले र फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१ (२) ले दिइएको अधिकार प्रयोग गरि यो फोहोरमैला व्यवस्थापन कार्यविधि २०७८ कार्यपालिकाबाट अनुमोदन गरि लागु गरेको छ।

मल्लरानी गाउँकार्यपालिकाबाट मिति २०८१ अशोज १८ गते स्वीकृत भएको उपर्युक्त अनुसारको मल्लरानी गाउँपालिका फोहरमैला व्यवस्थापन कार्यविधि, २०८१ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु।

गिर बहादुर सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१/०६/१८